# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या ९ २०७५ साल माघ १७ गते

## भाग-१

## मेलम्ची नगरपालिका, नगरसभाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलम्ची नगरपालिकाको नगरसभाले ""मेलम्ची नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्न बनेको ऐन, २०७५" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ।

# मेलम्ची नगरपालिकाको शिक्षालाई व्यवस्थित गर्न बनेको विधेयक, २०७५

प्रस्तावना : नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र मेलम्ची नगरपालिका क्षेत्र भित्र स्थापना भई संचालनमा रहेका र स्थापना हुने आधारभुत तथा माध्याकि विद्यालयहरू लगायत अन्य शैक्षिक सस्थाहरूको व्यवस्थापन सुधार गर्दै सबै बालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गरी नगर भित्रका सबै बालबालिकाहरूको लागि क्रमशः अनिवार्य, निःशुल्क, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको व्यवस्था मार्फत सक्षम नागरिकको माध्यमबाट राष्ट्र निर्माणको अधार तयार गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र २१ ले दिएको अधिकार प्रयोग गरी मेलम्ची नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मेलम्ची नगरपालिका शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन मेलम्ची नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले मेलम्ची नगरपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मेलम्ची नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रूपमा चलिआएका गुम्बा, गुरूकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालय सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले वडा कार्यालयलाई समेत जनाउँदछ ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरूष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।

(ज) "परीक्षा समिति" भन्नाले दफा १७ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(झ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय कानुन वमोजिम पाठ्यक्रम निर्माणको लागि गठन भएको जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ञ) "प्रधानाध्यापक" भन्नाले दफा ४२ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दफा ११ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले नर्सरी, केजी, मन्टेस्वरीलाई समेत जनाउँछ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले दफा ३२ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) "नगर शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो शाखाको प्रमुखको रुपमा कामकाज गर्न तोकिएको नगरपालिकाको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।

(त) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग, शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(थ) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा कानुन वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(द) "शिक्षा सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरूको नियुक्ति सिफारिस गर्ने आयोग सम्झनु पर्छ ।

(ध) "शिक्षा समिति" भन्नाले दफा २१ बमोजिमको नगर शिक्षा समिति सम्झनु पर्छ ।

(न) "शुल्क" भन्नाले विद्यालयले यस ऐन बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(प) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(फ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(ब) "समुदायद्धारा संचालित विद्यालय" भन्नाले दफा ५ बमोजिम अनुमति लिएर नगरपालिका वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(भ) "सामुदायिक शिक्षक" भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा संघीय सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्छ ।

(म) "सामुदायिक सिकाई केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(य) "सभा" भन्नाले मेलम्ची नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(र) "संघीय शिक्षा मन्त्रालय" भन्नाले संघीय सरकारको शिक्षा विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ ।

(ल) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ ।

(व) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी दफा ५ बमोजिम अनुमती लिई स्थापना गरेको विद्यालय सम्झनु पर्छ ।

(श) "परीक्षा नियन्त्रक" भन्नाले नगर शिक्षा अधिकृतलाई जनाउँदछ ।

## परिच्छेद – २
## विद्यालयको स्थापना, कक्षा थप, विद्यालय समायोजन र सिकाई केन्द्र सम्बन्धी व्यवस्था

३. विद्यालय खोल्न अनुमतिको लागि निवेदन दिनु पर्ने : नगरपालिका आफैले बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा र तह थप गर्न चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिस लिई तोकिए बमोजिमको ढाँचामा शैक्षिकसत्र सुरू हुनुभन्दा कम्तीमा चार महिना अगावै नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४. विद्यालय खोल्नको लागि पुरा गर्नु पर्ने पूर्वाधार : विद्यालय खोल्नको लागि तोकिए बमोजिमको पूर्वाधार पुरा गरेको हुनु पर्नेछ ।

५. विद्यालय खोल्न अनुमति दिने :

(१) दफा ३ बमोजिम विद्यालय खोल्न अनुमतिको लागि निवेदन प्राप्त भएमा नगर शिक्षा अधिकृतले निवेदनसाथ प्राप्त कागजातहरू र स्थलगत

जाँचबुझ गर्नुपर्नेछ । जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि दफा ४ बमोजिमको पूर्वाधार पुरा भएको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरू हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरू हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन नगर शिक्षा अधिकृतले शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ । प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरूपमा संचालन गर्न अनुमति माग गरिएको हो एकिन गरी उल्लेख हुनु पर्नेछ । संस्थागत विद्यालय खोल्न चाहनेले विद्यालय शैक्षिक गुठी वा सहकारी वा अन्य कुन रूपमा सञ्चालन गर्ने हो, निवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम शिक्षा समितिले विद्यालय खोल्न अनुमतिको सिफारिश गर्ने निर्णय गर्दा विद्यालय नक्साङकन, विद्यालय सेवा क्षेत्र र शिक्षा समितिले निर्धारण गरेको नगरपालिका र वडाको लागि विद्यालयको अधिकतम संख्याको अधीनमा रही दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम शिक्षा समितिको वैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यपालिका समक्ष पठाउनु पर्नेछ । कार्यपालिकाले प्राप्त सिफारिसको आधारमा स्विकृती प्रदान गर्नेछ ।

(४) उपदफा (३) अनुसार कार्यपालिकाको स्वीकृतिको आधारमा नगर शिक्षा अधिकृतले तोकिए बमोजिमको ढाँचामा अनुमति दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमति दिँदा आधारभूत विद्यालयकलाई शैक्षिकसत्र सुरू हुनुभन्दा तीस दिन अगावै र माध्यमिक विद्यालयलाई शैक्षिकसत्र सुरू हुनुभन्दा साठी दिन अगावै अनुमति दिनुपर्नेछ ।

(६) कसैले यस ऐन विपरीत अनुमति दिएको वा प्राप्त गरेको पाइएमा कार्यपालिकाले छानविन गरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

(७) उपदफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिमका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालन गर्न अनुमती दिईने छैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा जग्गामा सञ्चालन भएको विद्यालय,

(८) निजी स्रोतबाट प्रारम्भिक बाल बिकास तथा शिक्षा केन्द्र खोल्न अनुमती वा स्वीकृती सम्बन्धी व्यवस्था दफा ३ बमोजिम हुनेछ ।

(९) सामाजिक,परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरूकुल, मदर्सा, गुम्बा समतेका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पुरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था :

(क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी प्रक्रिया दफा ३ वमोजिम हुनेछ । एकल भाषाभाषी विद्यालयमा मातृभाषामा शिक्षा दिने, द्विभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र वहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई वालवालिकाहरूलाई उनीहरूको मातृभाषाबाट नेपाली वा अंग्रेजी भाषामा सहज रूपमा लाने व्यवस्था गरिनेछ । एकल वा द्विभाषी विद्यालयका अभिभावकले चाहेमा भाषिक स्थानान्तरणको नीति अपनाइनेछ । सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गरिनेछ ।

(ख) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी प्रक्रिया र मापदण्ड संघीय शिक्षा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरू यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा (९) बमोजिम अनुमती प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१३) कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था :

(क) कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि तोकिए बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) प्राप्त निवेदन बमोजिम शिक्षा अधिकृत वा विद्यालय निरीक्षकद्वारा त्यस्तो विद्यालयको जाँचबुझ गराई प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(ग) प्रतिवेदन र निवेदनसाथ संलग्न कागजातहरू जाँचबुझ गर्दा विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखिएमा शिक्षा समितिको सिफारिस साथ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(घ) सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

(ङ) कार्यपालिकाको निर्णयको आधारमा नगर शिक्षा अधिकृतले अनुमति दिनुपर्नेछ ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तरशिक्षा, दूर शिक्षा, तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

(१) नगरपालिकाले आवश्यक पूर्वाधारको विकास गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षा अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम , पाठ्यपुस्तक, सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) नगरपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, जीवन पर्यन्त शिक्षा र अन्य अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(५) विशेष शिक्षा, समावेशी शिक्षा, दुर शिक्षा, खुला शिक्षा, जीवन पर्यन्त शिक्षा तथा अनौपचारिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. औपचारिक शिक्षाको प्रकार: (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ :-

(क) आधारभूत शिक्षाः साधारण शिक्षा र परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षाः साधारण शिक्षा र परम्परागत धार्मिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा

८. अगुवा र आधार विद्यालयको व्यवस्थाः

(१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई शिक्षण सिकाइलाई प्रभावकारी बनाउन नगरका प्रत्येक वडामा वडाको उच्तम विद्यालयलाई अगुवा विद्यालय र अन्य विद्यालयहरूलाई आधार विद्यालयको रूपमा परिचालन गर्न सक्नेछ ।

(२) अगुवा र आधार विद्यालयहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(९) विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, कक्षा वा तह घटाउन वा वन्द गर्न सक्ने:

(१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्न अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दाबढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न र कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) नगरपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरूलाई एक आपसमा गाभी एकीकृत आवासीय विद्यालयको रूपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने,विद्यालयको नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने ,कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) ठूला विद्यालय सञ्चालन गर्न सक्ने:

(१) हाल सञ्चालनमा रहेका कुनै इच्छुक विद्यालयले दफा ४ मा उल्लेखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधार र सर्त पुरा गरेमा नगरपालिकाले सम्झौता सहित ठूला विद्यालयको रूपमा सञ्चालन स्वीकृति दिन सक्नेछ :-

क) कम्तिमा एक हजार भन्दा बढि विद्यार्थी संख्या भएको ,

ख) न्यूनतम तहगत र विषयगत दरबन्दी भएको,

ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र प्रवेशिका परीक्षाको नतिजा राष्ट्रियस्तरको भन्दा उच्च रहेको ,

घ) पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको ।

(२) उपदफा (१) बमोजिमका विद्यालयहरूका देहायका क्षेत्रमा नगरपालिकाले थप लगानी गर्न सक्नेछ :-

क) कक्षा कोठा, प्रयोगशाला र अन्य पुर्वाधार विकास तथा यातायात व्यबस्थापन,

ख) विद्यार्थी संख्या र सञ्चालित कक्षाको आधारमा थप विषयगत शिक्षकको व्यबस्थापन ,

ग) निःशुल्क शिक्षा कार्यन्वयन तथा गाभिएका विद्यालयका विद्यार्थीहरूलाई आवासको व्यबस्थाका लागि आवास भवन निर्माण तथा छात्राबास सञ्चालन अनुदान,

घ) सम्झौतामा उल्लिखित अन्य विषय ।

(३) यस दफा अनुसार सहयोग पाउने विद्यालयहरूको आन्तरिक लेखापरीक्षण नगर कार्यपालिकाको कार्यालयले गराउन सक्नेछ ।

(११) शिशु स्याहार तथा प्रारम्भिक बाल विकास शिक्षा केन्द्र सम्बन्धी व्यबस्थाः

(१) तोकिएको मापदण्डमा आधारित भई शिशु स्याहार र प्रारम्भिक बाल विकास शिक्षा केन्द्र सञ्चालन अनुमति वडा कार्यालयले दिनेछ ।

(२) प्रारम्भिक बाल विकास शिक्षा केन्द्र वा पुर्व प्राथमिक विद्यालयको अवधि दुई वर्षको हुनेछ ।

(३) तीन वर्ष उमेर नपुगेका बालबालिका प्रारम्भिक बाल विकास शिक्षा केन्द्रमा भर्ना गर्न तथा पाँच वर्ष पुरा भएका बालबालिकालाई यस्ता केन्द्रमा राख्न पाइने छैन ।

(४) सामुदायिक बालविकास शिक्षा केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई तोकिए बमोजिम मापदण्डको अधारमा सञ्चालन गरिनेछ ।

(५) तीन वर्ष उमेर नपुगेका बालबालिकाको लागि शिशु स्याहार केन्द्र सञ्चालन गर्न सकिनेछ । यस्ता केन्द्रहरूको अनुमति र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१२. शिक्षा सम्बन्धी विशेष व्यवस्था: नगरपालिकाले आफ्ना नागरिकहरूको शिक्षा सम्बन्धी आवश्यकता पुरा गर्न आवश्यक पूर्वाधारको व्यबस्था गरी विशेष शिक्षा , समावेशी शिक्षा , अनौपचारिक शिक्षा ,निरन्तर शिक्षा, दुर तथा खुल्ला शिक्षा , जीवन पर्यन्त शिक्षा र प्राविधिक तथा व्यबसायिक शिक्षाको तालिमको व्यबस्था गर्न सक्नेछ ।

१३. अनुमति रद्द गर्ने: कुनै विद्यालयले यो ऐन र यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति नगरपालिकाले रद्द गर्नेछ ।

१४. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने:

(१) नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, साक्षरोत्तर कक्षा , निरन्तर सिकाई, जीवन पर्यन्त शिक्षा र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## पाठ्यक्रम, पाठयपुस्तक, शिक्षाको माध्यम र परीक्षा सम्बन्धी व्यवस्था

**१५. पाठ्यक्रम र पाठ्यसामाग्री :**

(१) नगरपालिका भित्र सञ्चालन हुने विद्यालयहरूमा पठन पाठन हुने पाठ्यक्रम संघीय शिक्षा मन्त्रालयले निर्धारण गरे वमोजिम हुनेछ ।

(२) पाठ्य सामाग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न शिक्षा समितिले आवश्यक कार्ययोजना वनाई लागु गर्नेछ ।

(३) पाठ्यक्रम, पाठयपुस्तक, र पाठ्यसामग्रीमा सुधार तथा नयाँ पाठ्यक्रमको निर्माण गर्न आवश्यक देखिएमा शिक्षा शाखाको प्रतिवेदनको आधारमा शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्नु पर्नेछ । कार्यपालिकाले वहुमत सदस्यको निर्णय सहित संघीय शिक्षा मन्त्रालयमा अनुरोध गरी पठाउन सक्नेछ ।

(४) पाठ्यक्रम र पाठ्यपुस्तक विकास, व्यवस्थापन र पाठ्यपुस्तकको उपलब्धता सम्बन्धी कार्य गर्न तोकिए बमोजिमको पाठ्यक्रम तथा व्यवस्थापन समिति रहनेछ ।

(५) उपदफा ४ बमोजिम गठित समितिले पाठ्यक्रम र पाठ्यपुस्तक विकास, व्यवस्थापन तथा पाठ्यपुस्तकको उपलब्धता सम्बन्धी कार्यको अनुगमन गर्नेछ ।

**१६. शिक्षाको माध्यम:** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ :-

(क) आधारभूत तहको प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली बिषयको सट्टा अन्य कुनै भाषा बिषय अध्ययन गर्न

सक्नेछ र सो सम्वन्धी व्यवस्था नगरपालिकाको समन्वयमा सम्बन्धित विद्यालयले मिलाउनु पर्नेछ ।

(ग) भाषा बिषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

१७. परीक्षा संचालन तथा समन्वय समिति : (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तह उत्तीर्ण परीक्षा समितिः आधारभूत तह उत्तीर्ण परीक्षाको सञ्चालन तथा व्यवस्थापन र नतिजा बिश्लेषण समतेको कार्य गर्न देहाय बमोजिमको एक आधारभूत तह उत्तीर्ण परीक्षा समिति हुनेछः-

(क) नगरपालिका प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगरपालिका भित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरू मध्येबाट कम्तिमा एक जना महिला सहित परीक्षा समितिद्वारा मनोनित तीन जना -सदस्य

(घ) नगरपालिका भित्रका संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट परीक्षा समितिद्वारा मनोनित एक जना -सदस्य

(ङ) नगर शिक्षा अधिकृत -परीक्षा नियन्त्रक

(४) आधारभूत तह उत्तीर्ण परीक्षा समन्वय समितिः आधारभूत तह उत्तीर्ण परीक्षाको अनुगमन तथा व्यवस्थापन कार्य गर्न देहाय बमोजिमको एक उच्चस्तरीय आधारभुत तह उत्तीर्ण परीक्षा समन्वय समिति हुनेछ :-

(क) नगरपालिका उपप्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय मेलम्ची -सदस्य

(घ) सुरक्षा वेस क्याम, मेलम्ची -सदस्य

(ङ) अध्यक्ष, शिक्षक महासँघ मेलम्ची नगरपालिका कार्यसमिति –सदस्य

(च) परीक्षा नियन्त्रक –सदस्य सचिव

(५) समितिको मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(६) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ । परीक्षा संचालनको लागि प्रश्नपत्र निर्माण तथा नतिजा प्रकाशन सम्बन्धी कार्य गर्न उपदफा (४) बमोजिमको समितिले विज्ञ सहितको एक उपसमिति गठन गर्न सक्नेछ ।

(७) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) नगरपालिकाको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(९) आधारभुत तहको अन्तिम परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(१०) उपदफा (१) र (२) वाहेकको कक्षाहरूको परीक्षा संचालन समितिले निर्धारण गरेको मापदण्ड वमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्न सक्नेछ ।

(११) परीक्षा नियन्त्रकले परीक्षा समितिको सदस्य सचिवको रूपमा कार्य गर्नेछ र आधारभूत तह उत्तीर्ण परीक्षाको लब्धाङ्क पत्रमा हस्ताक्षर गर्नेछ ।

१८. संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नु पर्ने : (१) दफा १७ को उपदफा (२) वमोजिम परीक्षा सञ्चालन गर्दा शिक्षा समितिले तोके वमोजिमको शुल्क सम्वन्धित संस्थागत विद्यालयले नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२)संस्थागत विद्यालयले तोकिए बमिजमको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र बापतको शुल्क परीक्षा संचालन गर्ने विद्यार्थीहरूबाट लिएको निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ ।

१९. आधारभूत तह उत्तीर्ण परीक्षा समिति : (१) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) नगरपालिकाले तोकेको न्यूनतम शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समूहगत रूपमा सञ्चालन गर्न अनुमती दिने ,

(ग) परीक्षा केन्द्र तोक्ने र केन्दाध्यक्ष नियुक्ती गर्ने,

(घ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

(ङ) विद्यालयहरूलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र दिने

(छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा रद्ध गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द रद्द गर्ने,

(झ) दैवीप्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरून्तै आबश्यक निर्णय लिने,

ञ) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने ।

(२) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-४

## कार्यपालिका, नगर शिक्षा समिति,प्रमुख प्रशसकीय अधिकृत, नगर शिक्षा अधिकृत र वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार

२०. कार्यपालिका: (१) शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने,

(२) शिक्षा सम्बन्धी नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने,

(३) शिक्षा सम्बन्धी वार्षिक, अल्पकालीन र दिर्घकालीन योजना स्वीकृत गर्ने ।

(४) कार्यपालिकाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. नगर शिक्षा समिति : (१) नगरपालिका भित्र सञ्चालनमा रहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्नको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) नगर कार्यपालिकाका सदस्यहरू मध्येबाट महिला र दलित समुदायको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको दुई जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकाको एकजना अधिकृतस्तरको कर्मचारी -सदस्य

(ङ) संस्थागत विद्यालयहरूको प्रतिनिधीमूलक संस्था मध्येबाट

नगर प्रमुखले मनोनित गरेको प्रतिनिधी एक जना - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट नगर प्रमुखले मनोनित गरेको प्रतिनिधी एक जना -सदस्य

(छ) नेपाल शिक्षक महासंघ मेलम्ची नगर कार्य समितिको अध्यक्ष -सदस्य

(ज) नगर शिक्षा अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको वैठकमा आवश्यकता अनुसार शिक्षा क्षेत्रमा विज्ञता हासिल गरेको व्यक्ति र शिक्षकको पेशागत संस्थाको अध्यक्षलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) शिक्षा समितिको वैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(४) शिक्षा समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(५) शिक्षा समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले साधारणतया चौबीस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(६) शिक्षा समितिमा तत्काल कायम रहेका सदस्यहरु मध्ये पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा शिक्षा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(७) शिक्षा समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(८) शिक्षा समितिको बैठकको निर्णय सर्वसम्मत हुनेछ ।

(९) उपदफा (८) बमोजिम सर्वसम्मत हुन नसकेमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(१०) शिक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) मनोनित सदस्यहरूको पदावधी दुई बर्षको हुनेछ । शिक्षा समितिमा मनोनित सदस्यहरूले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा

निजलाई मनोनित गर्नेले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । पदबाट हटाउनु अघि निजलाई अफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१२) शिक्षा समितिको वैठक भत्ता नगरपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ । तर एक आर्थिक वर्षमा छ वटा भन्दा वढी वैठकको भत्ता उपलब्ध हुने छैन ।

२२. शिक्षा समितिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय शिक्षामा सुधारका लागि शिक्षा शाखावाट पेश भएको नगर शिक्षा नीति तथा योजना माथि छलफल गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने,

(ग) संघीय सरकारको स्वीकृत नीति र निर्देशन अनुरुप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, जीवन पर्यन्त शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(ङ) विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) नगरस्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(न) सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने,

(प) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(फ) नगर क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांङ्क संकलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र पठनपाठन व्यवस्था मिलाउने,

(ब) विद्यालय सुधार तथा बिकासका लागि आवश्यक निर्देशन गर्ने,

(भ) वार्षिक रूपमा विद्यालयको लेखापरीक्षण गराउन लेखापरीक्षकको छनौट गर्ने,

(म) विद्यालय नक्सांकन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

(य) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको विवरण अद्यावधिक गर्न लगाउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा आवश्यक विवरण उल्लेख गरी पठाउन शिक्षा शाखालाई निर्देशन गर्ने,

(र) विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने र गाभ्ने लगायतका कार्यहरू गर्ने गराउने,

(ल) बालबालिकालाई आधारभूत तह सम्मको अध्ययन अनिवार्य रूपमा गराउन अभिभावकलाई जानकारी गराउने र प्रोत्साहित गर्ने,

(व) व्यवस्थापन समितलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(श) गरिबीको रेखामुनी रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(ष) नगरपालिका क्षेत्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवकको रूपमा विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(स) शिक्षकलाई कार्य सम्पादनको आधारमा पुरस्कृत गर्ने,

(ह) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(क्ष) विद्यालयहरूको विपद् जोखिम अवस्थाको लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(त्र) शिक्षक छनोटको लागि विषय विज्ञ शिक्षकहरू सूचिकृत गर्ने ।

२३. नगर शिक्षा समितिको बैठकः

(१) नगर शिक्षा समितिको बैठक सामान्यतया तीन महिनामा एकपटक बस्नेछ ।

(२) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः

(१) शिक्षा सम्बन्धी नीति, योजना र कानुनको प्राप्त मस्यौदा

कार्यपालिकामा पेश गर्ने ।

(२) यस ऐनमा लेखिए बाहेक प्रमुख प्रशासकीय अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२५. नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार: (१) नगरपालिकामा एक नगर शिक्षा अधिकृत रहनेछ । नगरपालिकाको शिक्षा शाखा प्रमुख वा सो शाखा प्रमुखको रूपमा काम काज गर्न तेकिएको नगरपालिकाको अधिकृतस्तरको कर्मचारीले नगर शिक्षा अधिकृतको रूपमा कार्य गर्नेछ । यस ऐनमा अन्यत्र लेखिए बाहेक नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, जीवन पर्यन्त शिक्षा, सामुदायिक सिकाई केन्द्र, धार्मिक विद्यालय, विशेष शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन ,मूल्याङ्कन तथा नियमन प्रक्रिया तयार गरी नगर शिक्षा समितिमा पेश गर्ने ।

(ख) युवा तथा खेलकुद सम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गरी नगर शिक्षा समितिमा पेश गर्ने ।

(२) नगर शिक्षा अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२६. वडा शिक्षा समिति :-

(१) नगरपालिकाको प्रत्येक वडामा देहाय वमोजिमको एक वडा शिक्षा समिति रहनेछः-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये वडा समितिले मनोनित गरेका सदस्य एक जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका महिला वा दलित सदस्य र वडाको शिक्षामा योगदान गर्न सक्ने व्यक्ति मध्येबाट वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको दुई जना –सदस्य

(घ) वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक एक जना – सदस्य

(ङ) वडा शिक्षा समितिले मनोनित गरेको शिक्षक एक जना – सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव –सदस्य सचिव

(२) वडा शिक्षा समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नेछ ।

(३) वडा शिक्षा समितिको बैठक भत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ । तर एक आर्थिक वर्षमा ६ वटा भन्दा बढी बैठकको भत्ता उपलब्ध हुने छैन ।

(४) बैठक संचालनको लागि कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ ।

(५) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(६) वडा शिक्षा समितिमा मनोनित सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

(२७) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त वडा शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) वडा शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि नगर शिक्षा समितिमा पेश गर्ने ।

(ख) वडामा स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न कार्ययोजना बनाइ नगर शिक्षा शाखामा पेश गर्ने,

(ग) संघीय सरकारको स्वीकृत नीति र निर्देशन अनुरुप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा,

निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउन आवश्यक पहल गर्ने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम संचालन गर्ने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्ने तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(झ) वडास्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने ।

(ञ) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालय सम्बन्धमा तेकिएको मापदण्ड कार्यन्वयन गराउने,

(ट) वडा क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र पठनपाठनको व्यवस्था मिलाउने,

(ठ) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउने र नियमित पठन पाठनमा संलग्न गराउने ।

## परिच्छेद-५
## आर्थिक प्रबन्ध, सहायता र छुट

२८. नगर शिक्षा कोषः (१) सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिबृद्धी गर्न, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरूलाई प्रोत्साहित तथा क्षमता विकासका कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन नगरपालिकामा एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछ :-

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ग) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

२९. विद्यालय कोष :- (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ । विद्यालय कोषमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम जम्मा हुनेछ :-

क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम

ख) नगर शिक्षा कोषबाट प्राप्त अनुदान रकम,

ग) नियमानुसार लिन पाउने शुल्क,

घ) सहयोग, चन्दा वा दान दातव्य बाट प्राप्त रकम,

ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) विद्यालयको सम्पूर्ण खर्च सोहि कोषबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, सामाजिक परीक्षण र वित्तिय लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

३०. विद्यालय र बालविकास केन्द्रलाई अनुदानको व्यबस्थाः

(१) नगरपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बालविकास केन्द्रलाई अनुदान दिन सक्नेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) अनुदान सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

३१. विद्यालयलाई छुट र सुविधाः (१) सामुदायिक विद्यालय र शैक्षिक गुठि वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई संघीय र प्रादेशिक कानुनमा भएको व्यबस्था बमोजिम छुट सुविधा दिइनेछ ।

(२) सामुदायिक र शैक्षिक गुठि वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई नगरपालिकाले आफूले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विषेश छुट दिन सक्नेछ ।

## परिच्छेद-६

## विद्यालय व्यवस्थापन समितिको गठन,काम, कर्तव्य र अधिकार तथा विघटन

३२. सामुदायिक विद्यालयको व्यवस्थापन समिति : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ –

(क) विद्यालयका अभिभावकहरूले छनौट गरेको अभिभावक एकजना –अध्यक्ष

(ख) विद्यालयका अभिभावकहरू मध्येवाट छनौट भएका महिला, दलित, जनजाती र अल्पसंख्यकहरूबाट तीन जना –सदस्य

(ग) विद्यालयका शिक्षकहरू मध्येबाट शिक्षकहरूले प्रतिनिधि रूपमा छनोट गरी पठाएको एक जना –सदस्य

(घ) माध्यमिक तहमा वडा शिक्षा समितिले तोकेको कम्तीमा एक महिला सहित दुई जना – सदस्य

(ङ) वडा समितिले तोकेको समाजसेवी तथा शिक्षा

प्रेमीमध्येबाट एक जना - सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा विद्यालय स्तरीय बालक्लवले छनौट गरी पठाएको एक बालक र एकजना बालिका गरी दुई जना आमन्त्रित सदस्य हुनेछन ।

(३) व्यवस्थापन समितिको कार्य अवधि तीन वर्षको हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नुपर्नेछ ।

(५) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य सचिवले जुनसुकैबेला व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ ।

(७) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले साधारणतया चौबीस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(८) व्यवस्थापन समितिमा तत्काल कायम रहेका एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा व्यवस्थापन समितिको बैकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(९) व्यवस्थापन समितिको बैकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(१०) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(११) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(१२) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिको सदस्यको राजीनामा सो समितिको अध्यक्षले र व्यवस्थापन समितिको अध्यक्षको राजीनामा

सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

(१३) बालप्रतिनिधीहरूलाई जिम्मेवार नबनाईने : व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधिले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ । तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीलाई जिम्मेवार बनाईने छैन ।

(१४) व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था :

(क) प्रधानाध्यापकले उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ । तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस ऐन बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा नगर शिक्षा अधिकृतले खटाएको अधिकृत संयोजक रहने गरी प्रधानाध्यापक, स्रोत व्यक्ति र शिक्षा समितिले तोकेको व्यक्ति रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गनुपर्ने छ ।

(ग) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१५) व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन चाहिने योग्यता : देहायको योग्यता भएको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य हुन सक्ने छ :

(क) नेपाली नागरिक भएको,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको ,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) उच्च नैतिक चरित्र भएको ।

(१६) व्यवस्थापन समिति विघटन गर्न सक्नेः देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले व्यवस्थापन समिति विघटन गर्न सक्नेछः–

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन एंव नीति विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक नरहेमा,

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशन पटक पटक उलंघन गरेमा ।

(३३) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ –

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) एक महिना भन्दा बढी अवधीको तालिम वा अध्ययनमा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा दुई वर्ष सोही विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरु निर्धारण गरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरुको सेवाको सुरक्षाको लागि पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने,

(छ) संघीय सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि पद रिक्त भएको मितिले सात दिनभित्र नगर शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारीलाई नियमानुसार कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्ने अधिकार नभएको विषयमा कारबाहीको लागि शिक्षा शाखामा लेखी पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने,

(ट) संघीय सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ठ) शिक्षक तथा विद्यार्थीहरुले पालना गर्नु पर्ने आचार संहिता बनाई कार्यान्वयन गराउने,

(ड) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अध्यावधिक गराई राख्न लगाउने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनिएकोमा गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टीको लागि नगर शिक्षा शाखामा लेखी पठाउने ,

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) नगरपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा नगर शिक्षा शाखामा पेश गर्ने,

(फ) वार्षिक रूपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद् जोखिम अवस्थाको लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गर्ने,

(म) विद्यालयको स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई नगर शिक्षा समितिबाट स्वीकृत गराई लागु गर्ने,

(य) नगर शिक्षा समिति र शिक्षा शाखाले दिएको निर्देशन अनुरुप काम गर्ने ।

(र) शिक्षक तथा कर्मचारीलाई कार्य सम्पादनको मापदण्ड बनाई पुरस्कृत गर्ने,

(ल) विद्यालयको शिक्षण सिकाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन सहयोगी भूमिका खेल्ने ।

३४. संस्थागत विद्यालय व्यवस्थापन समितिः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक संस्थागत विद्यालयमा दहोयका सदस्यहरु रहको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना -सदस्य

(घ) नगर शिक्षा अधिकृतले तोकेको सो नगरपालिकाको एकजना प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छनौट गरी पठाएको एकजना शिक्षक -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तर्गत सञ्चालित भए कम्पनीको शेयर सदस्यमध्येबाट र सहकारी अन्तर्गत सञ्चालित भए सम्बन्धित सहकारीको शेयर सदस्यमध्येबाट सिफारिस गर्नु पर्नेछ ।

(३ शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. संस्थागत विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः- (१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्धन गर्ने,

(ग) विद्यार्थीहरुलाई परीक्षामा सामेल गराउने,

(घ) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने ।

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलव भत्तामा नघट्ने गरी सुविधा उपलव्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने । कोषमा जम्मा भएको रकम सोही काममा मात्र खर्च गर्ने,

(झ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई कार्यविधि बमेजिम कारवाही गर्ने,

(ञ) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरू मध्येबाट कम्तीमा तीनजना लेखा परीक्षकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ट) विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता बनाई कार्यन्वयन गर्ने,

(ठ) नगरपालिकाले दिएका निर्देशन अनुरुप काम गर्ने ।

(ड) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ढ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. विद्यालय व्यवस्थापन समिति विघटन : (१) देहायको अवस्थामा कारण खुलाई नगर शिक्षा अधिकृतको सिफारिसमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछः-

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) संघीय सरकार, प्रदेश सरकार वा नगरपालिकाको ऐन, नियम र नीति विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न वडा शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । व्यवस्थापन समितिको म्याद बढिमा ६ महिनाको हुनेछ ।

## परिच्छेद–७

## शिक्षक अभिभावक संघ गठन र काम, कर्तव्य र अधिकार

३७. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था : (१) प्रत्येक विद्यालयमा शिक्षक र अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको गठन गर्नु पर्नेछ ।

(३) स्रोत कक्षा सञ्चालित विद्यालयमा उपदफा (२) बमोजिम शिक्षक अभिभावक संघ गठन गर्दा अपाङ्गता भएको विद्यार्थीको कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम गठित अभिभावक संघको सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपदफा (२) बमोजिमको समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि अभिभावक संघ आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक अभिभावक संघ गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

३८. शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस ऐन बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधि बारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने ।

## परिच्छेद–८

## अनिवार्य तथा निःशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृत्ति सम्बन्धी व्ववस्था

३९. बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा पठाउनुपर्ने: (१) सबै अभिभावकले तीन वर्ष उमेर पूरा भएका वालवालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँच वर्ष पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रूपमा विद्यालय पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा नगर शिक्षा समिति र वडा शिक्षा समितिले अनुगमन तथा निरीक्षण गर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झाई, बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका वालवालिकालाई अनिवार्यरूपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

४०. निशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्थाः (१) सबै वालवालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(२) निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः (१) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः शत प्रतिशत, पचास प्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिव, महिला, जनजाति, दलित, द्वन्द्व पिडित, शहिदका छोराछोरी र अपाङ्गता भएका तथा जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(५) उपदफा (३) बमोजिम छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट गर्ने आधारहरू तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धी व्यवस्था

४२. प्रधानाध्यापक सम्बन्धी व्यबस्था :- (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) प्रधानाध्यापकको लागि आवश्यक योग्यता:

(क) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तिमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको । आधारभूत तहको कक्षा पाँच भन्दा माथिको कक्षा सञ्चालन भएको विद्यालय भए कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) विद्यालयमा कम्तिमा पाँच वर्ष स्थायी शिक्षकको रूपमा शिक्षण अनुभव भएको,

(ग) संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको कार्यविधि बमोजिम शिक्षक बन्ने योग्यता भएको ,

(घ) सम्बधिन्त क्षेत्रमा तालिम लिएको ।

(३) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्नेछैन ।

(४) नगरपालिकाले खुला प्रतिस्पर्धाबाट पाँच वर्षको लागि सामुदायिक विद्यालयको प्रधानाध्यापकको छनोट गर्नेछ ।

(५) उपदफा (४) अनुसारको प्रतिस्पर्धामा सहभागी हुन तोकिए बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव पेश गर्नु पर्नेछ ।

(६) प्रतिस्पर्धाबाट छनोट भएका व्यक्तिलाई कार्य सम्पादन करार सम्झौता सहित नगर शिक्षा अधिकृतले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(७) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये

माथिल्लो श्रेणीको वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछ :

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्तिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्तिको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा, तर खुला प्रतियोगिता, आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कन बाट वढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस ऐन बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक प्रतिस्पर्धा बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

(१०) प्रधानाध्यापक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. सहायक प्रधानाध्यापक र कर्मचारीहरूको व्यबस्थाः (१) संघीय र प्रादेशिक कानुन एंवम नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा विद्यालयमा शिक्षक र कर्मचारीको दरबन्दी रहने छ । माध्यमिक विद्यालयमा मात्र सहायक प्रधानाध्यापकको व्यबस्था गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमका सहायक प्रधानाध्यापक र कर्मचारीहरू सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

४४. विद्यालयको वर्गीकरण: तोकिए बमोजिमको आधारमा विद्यालयहरूलाई वर्गीकरण गरिनेछ ।

४५. शिक्षकको सरूवा: (१) सरूवा हुन चाहने स्थायी शिक्षकले नगरपालिकामा तोकिए बमोजिमको निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिका भित्रका विद्यालयहरूको रिक्त दरवन्दिमा नगरशिक्षा समितिको निर्णयको आधारमा नगर शिक्षा अधिकृतले सरूवा गर्न सक्नेछ ।

(ख) अन्तर पालिका र जिल्लान्तर सरूवाको लागि तोकिए बमोजिमको निवेदन प्राप्त भएमा सरूवा भएर जानेलाई नगर शिक्षा अधिकृतले सरूवा सहमति दिनसक्नेछ । सरूवा भएर आउनेलाई नगर शिक्षा समितिको निर्णय बमोजिम नगर शिक्षा अधिकृतले सरूवा सहमति दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पुरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगरपालिकाले आफ्नो नगर भित्रको कुनै पनि विद्यालयमा सरूवा गर्नसक्नेछ । तर दरवन्दी मिलान गर्दा वा विशेष कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरूवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच बर्ष अवधि पूरा नभए पनि कारण खुलाई यस दफा बमोजिम सरूवा गर्न बाधा पर्ने छैन ।

(४) स्थायी नियुक्ती लिएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एकवर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरूवा गरिने छैन ।

४६. शिक्षक छनौट समितिः (१) सामुदायिक विद्यालयमा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न र संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा नगर शिक्षा अधिकृतले तोकेको प्रतिनिधि - सदस्य

(ग) नगरपालिकामा सूचिकृत विषय विज्ञहरू मध्ये दुई जना - सदस्य

(घ)प्रधानाध्यापक -सदस्य सचिव

(२) शिक्षक छनौट सम्वन्धमा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

(३) शिक्षक छनौट समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४७. दरवन्दि मिलानः (१) नगर शिक्षा समितिले विद्यालयमा रहेको विद्यार्थी संख्या, सञ्चालित कक्षा र अध्यापन गरिने विषयको आधारमा दरवन्दि मिलान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको दरवन्दि मिलानबाट सरूवा हुने शिक्षकले रमाना पत्र पाएको मितिले एकाइस दिन भित्र तोकिएको विद्यालयमा हाजिर भई सक्नु पर्नेछ । समयमा हाजिर नहुने, रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापक र शिक्षकलाई विभागीय कारवाही गरिनेछ ।

४८. शिक्षक तथा कमचारीको पदीय आंचरण सम्बन्धी व्यबस्था : शिक्षक तथा कर्मचारीको पदीय आंचरण सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ ।

४९. शिक्षक तथा कर्मचारीको गुनासो सुनवाई सम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयको

प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो विद्यालय व्यबस्थापन समितीमा पेश गर्नु पर्नेछ । सम्बन्धित पक्षले गुनासो अध्ययन गरी फछ्यौट गर्नु पर्नेछ ।

(२) विद्यालय तहबाट फछ्यौट हुन नसकेको गुनासो उचित कारण सहित तीस दिन भित्र नगर शिक्षा अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(३) विद्यालय तहबाट प्राप्त गुनासो तीस दिनभित्र प्रचलित कानुन अनुसार फछ्यौट गर्नु नगर शिक्षा अधिकृतको कर्तव्य हुनेछ ।

(४) नगर शिक्षा अधिकृतले फछ्यौट गर्न नसकेको पेशागत गुनासो नगर शिक्षा समितीमा पेश गर्नु पर्नेछ ।

(५) नगर शिक्षा समितीले गरेको गुनासो फछ्यौट अन्तिम हुनेछ ।

५०. निजि स्रोतबाट शिक्षक व्यवस्था : सामुदायिक विद्यालयले निजि स्रोतबाट शिक्षक नियुक्ति गर्दा नगर शिक्षा शाखाको स्वकृति लिनुपर्नेछ ।

## परिच्छेद–१०
## दण्ड र पुरस्कार

५१. दण्ड तथा सजायः (१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई संघीय र प्रादेशिक कानुन बमोजिम मुद्दा हेर्ने अधिकारीले विगो असुल गरी विगो बमोजिम जरीवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी तोकिए बमोजिमको कारबाही हुनेछ ।

क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा ,

ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर परीक्षा केन्द्रमा प्रबेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा ,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा ,

ङ) अरूको तर्फबाट परीक्षा दिएमा ,

च) परीक्षाको मर्य्यादा भङ्ग हुने गरी अन्य कुनै कार्य गरेमा

छ) विद्यार्थी भर्ना गर्दा दान,उपहार वा कुनै रकम लिएमा ,

ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परार्मश सेवा, वृज कोष, भाषा शिक्षण तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ,

झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाणपत्र जारी गरेमा ,

ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परीक्षाको लागि रजिष्टेशन गराएमा ,परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाणपत्र जारी गरेमा ,

ट) दफा (५६) अनुसार तोकिएको शुल्क विपरीत हुने गरी शुल्क लिएमा ।

(३) उपदफा (१) र (२) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको किनारा नलागेसम्म स्वतः निलम्बन हुनेछ । अदालतबाट कसुरदार ठहरिएको शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम विभागीय सजाय हुनेछ ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :

क) विद्यालयको शिक्षक र कर्मचारीलाई विभागीय सजाय र जरीवाना गर्ने,

ख) विद्यार्थीलाई छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने ,

ग) शिक्षक वा अन्य व्यक्ति भए कसुरको मात्रा हेरी विगो बमोजिम जरिवाना गर्ने ,

घ) विद्यालयलाई दिएको सरकारी सहायता घटाउने वा रोक्ने वा बन्द गर्ने ,

ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति रद्ध गर्ने ।

५२. पुरस्कारः नगरपालिकाले कार्य सम्पादनमा उत्कृष्ट भएका विद्यालय, विद्यार्थी, शिक्षक तथा विद्यालय कर्मचारीलाई तोकिए बमोजिमका सूचकहरूको आधारमा पुरस्कृत गर्न सक्नेछ ।

५३. अदालतको आदेशबाट पुन बाहली हुन सक्नेः (१) दफा (५१) मा उल्लेख भएको कुनै सजाय भई नोकरीबाट हटाएको वा बर्खास्त भएको शिक्षक तथा कर्मचारीले अदालतबाट सफाइ पाएमा नोकरीमा पुन : बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाहली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन : बहाली भएको मितिसम्मको पुरा तलव भत्ता र तलव बृद्धि भए सो समेत प्रचलित कानुन वमोजिम प्राप्त गर्न सक्नेछ ।

५४. सम्पत्ति सम्बन्धी मुद्दाको तहकीकात र दायरीः संघीय, प्रादेशिक, स्थानीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–११

## विद्यालय सम्पत्ति व्यवस्थापन

५५. विद्यालयको सम्पत्ति संरक्षणः (१) विद्यालयको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृत रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालय, सामुदायिक बालविकास केन्द्र, नगरपालिका अन्तर्गतको कुनै कार्यालय, सामुदायिक सिकाई केन्द्र सङ्ग्राहलय, सिप बिकास केन्द्र,सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप तथा स्वामित्व परिर्वतन गर्न पाइने छैन ।

(४) कम्पनि र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोहि कम्पनि वा सहकारीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनुपर्नेछ । विदेशी व्यक्ति वा संघ संस्थावाट चल अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकारको पूर्व स्वीकृत लिनुपर्नेछ । प्रक्रिया नपुन्याई लिएको सम्पत्ति स्वतः नगरपालिकाको हुनेछ ।

(६) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १२
## विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्था

५६. संस्थागत, गुठी र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धीव्यबस्था:

(१) संस्थागत, गुठी र सहकारी विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहनेछः

क) नगरप्रमुख वा निजले तोकिएको व्यक्ति - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) संयोजक सामाजिक विकास समिति - सदस्य

घ) संस्थागत विद्यालयको विद्यालय व्यबस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितीले मनोनित गरेको एक जना - सदस्य

ङ) अभिभावकसंग सम्बन्धित संगठन मध्येबाट नगर शिक्षा समितीले मनोनित गरेको एक जना - सदस्य

च) नगर शिक्षा अधिकृत -सदस्य सचिव

(२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्नेछ ।

(३) शुल्क निर्धारण समितिको काम ,कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३
## विविध

५७. निर्देशन दिन सक्नेः (१) कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति, र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५८. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नुपर्नेः

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रूपमा सिकाई सहजीकरण गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५९. बालबालिकालाई शारिरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने: (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

६०. शिक्षकलाई अन्य काममा लगाउन नहुने: (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा संघीय सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

६१. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने: नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन ।

६२. विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनहुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले त्यस प्रकारको स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा

सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी वर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

६३. कर्मचारी सम्बन्धी व्यवस्था: बिद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

६४. स्रोत केन्द्र र स्रोत व्यक्तिको व्यवस्था: (१) विद्यालय तहको शैक्षिक तथ्याङ्कलाई व्यवस्थापन गर्न, विद्यालयमा उपलव्ध स्रोतहरूको प्रभाबकारी कार्यान्वयनमा सहजीकरण गर्न शिक्षाकहरूको क्षमता विकास सम्वन्धी कार्यक्रम सञ्चालन गर्न र विद्यालयको नियमित अनुगमन तथा निरीक्षण गरी शिक्षण सिकाई प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार स्रोत केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) स्रोत केन्द्रमा एक जना स्रोत व्यक्ति रहनेछ ।

(३) स्रोत केन्द्र र स्रोतव्यक्तिको काम, कर्तव्य र अधिकार तोकिए बमेजिम हुनेछ ।

(४) यस ऐन लागु हुनु अघि सञ्चालनमा रहेका स्रोतकेन्द्रहरू यस ऐन बमोजिम भएको हुनेछ ।

६५. अभिलेख राख्ने: (१) शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यालयले विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीको तीन पुस्ते ठेगाना खोली अभिभावकको समेत अभिलेख उल्लेख गर्नु पर्दछ ।अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

६६. शिक्षक विद्यार्थीको अनुपात र थप शिक्षक सहायता: शिक्षक विद्यार्थीको अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

६७. नियम बनाउने अधिकार: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ :-

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरू ,

(ख) विद्यालयको छात्रवृत्ति ,

(ग) विद्यालयलाई दिइने अनुदान ,

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन र व्यवस्थापन ,

(ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्याङ्कन ,

(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान ,

(छ) विद्यालय नक्सांकन र समायोजन ,

(ज) विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग ,

(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन ,

(ञ) प्रारम्भिक बालशिक्षा केन्द्र व्यवस्थापन ,

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम ,

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ड) विद्यालयको नामाकरण ,

(ढ) विद्यालयमा छात्रवास संचालन सम्वन्धी व्यवस्था ,

(ण) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री ,

(त) विशेष तथा समावेशी शिक्षा ,

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा ,

(द) दूर तथा खुला शिक्षा ,

(ध) नगर शिक्षा कोष ,

(न) विद्यालयको कोष ,

(प) विद्यालयको पुस्तकालय र वाचनालय

(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा,

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता ,

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा ,

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम ,

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा ,

(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना ,

(ल) विद्यालयको परीक्षा ,

(व) स्थानीय पुस्तकालय र वाचनालय संचालन सम्वन्धी व्यवस्था,

(श) अभिभावक शिक्षा

६८. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

६९. बचाउ र लागू नहुनेः (१) यस ऐन अन्तर्गत लेखिएका कुराहरू यसै ऐन बमोजिम र यसमा नलेखिएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

प्रमाणिकरण मितिः २०७५ साल असार २१ गते

आज्ञाले,
देवी प्रसाद थपलिया
प्रमुख प्रशासकीय अधिकृत
मेलम्ची नगरपालिका